# शैलुङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## काटाकुटी, दोलखा
## बागमती प्रदेश, नेपाल

पत्र सख्या:०७७/०७८

चलानी नं.:

मिति : २०७७/११/२६

शैलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी, दोलखा बागमती प्रदेश, नेपाल २०७३

### मागमा आधारित आयआर्जनको लागि सहयोग गर्ने कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

यस कार्यालयको आ.व. २०७७/०७८ को सामुदायिक व्यवस्थित सिंचित क्षेत्र कृषि आयोजनाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार मागमा आधारित आय आर्जनको लागि सहयोग गर्ने कार्यक्रम रहेको हँदा अर्ध वेरोजगार/वेरोजगार कृषक/समुह/सहकारीहरु बाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र (मितिः २०७७।११।२६ गते भित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्तका साथ तपसिलमा उल्लेख भए अनुसार कागजातहरु संलग्न राख्ने समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**तपसिल**

क) आय आर्जनको लागि सहयोग गर्ने कार्यक्रमः व्यसायिक तरकारी खेती, च्याउ उत्पादन, मौरीपालन, व्यवसायिक फलफूल खेती तथा अन्य कृषिमा आधारित योजना

ख) संचालन हुने क्षेत्रः सिंचाई उप आयोजनाको कमाण्ड क्षेत्र भित्र(शैलुङ –७ फस्कु अँधेरी खोला जोर घट्ट साँगुते सिन्चाई आयोजना प्रभाबित क्षेत्र भित्र)

ग) आयोजनाबाट उपलब्ध हुने अनुदान सहयोगः लगत साझेदारी (५०:५० अनुपात) मा सहयोग अनुदान रकम प्रतिफलको आधारमा उपलब्ध हुने ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. रु १० को हुलाक टिकट टाँस भएको अनुसूची २ अनुसारको आवेदन फारम ।

२. अनुसूची ३ अनुसारको संक्षिप्त अवधारणा पत्र सहित कार्य योजना ।

३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

४. कार्यक्रम संचालन हुने स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि वा भाडाको जग्गा भएमा कम्तिमा १ बर्षको करारनामा ।

५. सम्बन्धित जल उपभोक्ता समितिको सिफारिस पत्र ।

६. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरु ।

अशोक विष्ट
प्रमुख प्रशासकिय अधिकृत